# बगनासकाली राजपत्र

बगनासकाली गाउँपालिका, पाल्पाद्वारा प्रकाशित

वर्ष–७, संख्या १०, मिति २०८०/११/१६

## भाग २

## बगनासकाली गाउँपालिकाको

# बाख्रा पैंचो कार्यक्रम सञ्चालन कार्यविधि-२०८०

–स्वीकृत मिति २०८०/११/१३

**प्रस्तावना :**

कृषि र पशुपालन नेपालीहरुको जिविकाको एक महत्वपूर्ण स्रोत हो भने बाख्रा पालन एक लोकप्रिय पेशाको रुपमा रहेको छ । बाख्रा पालन विशेषगरी साना किसानहरुको एक महत्वपूर्ण आर्थिक गतिविधिमा पर्ने गर्दछ । बाख्रापालन नेपालको सबै किसिमको हावापानीमा उपयुक्त देखिएकोले हिमाल, पहाड र तराई गरी तीन वटै भौगोलिक अवस्थामा बाख्रापालन गरिदै आएको छ। नेपालमा करिब एक करोड पैतिस लाख बाख्राहरु छन् जुन धेरै साना किसान र सिमान्तकृत परिवारहरूको लागि जिविकाको एक महत्वपूर्ण स्रोत हो। छोटो समयमा नै प्रतिफल हुने, हेरचाह गर्न सजिलो हुने सबै किसिमको हावापानीमा हुर्किन सक्ने, गाई वा भैंसी जस्ता अन्य पशुधनलाई भन्दा कम ठाउँमा व्यवस्थापन गर्न सकिने जस्ता विशेषताले गर्दा साना किसानहरुका लागि बाख्रापालनलाई उत्तम विकल्पको रुपमा लिन सकिन्छ।बाख्रा पालन व्यवसायले साना किसानलाई छोटो समयमै आयआर्जन बृद्धिमा सहयोग पुर्याउँदछ । छोटो समयमै नाफा मुलक व्यवसायका रुपमा स्थापित हुन सक्नृ सम्भाछ्वना रहेकाले यस बगनासकाली गाउँपालिका क्षेत्रभित्रमा वसोवास गर्ने बाख्रा पालन कृषकहरुलाई बाख्रा पैचो कार्यक्रम संचालन गरि उक्त समुदायको आर्थिक अबस्थामा सुधार ल्याउनेसाथै बाख्रा पालक किसानहरुका लागि उन्नत नश्लका बीउ बाख्राहरु प्रदान गरी बाख्राको उत्पादन र उत्पादकत्व बृद्धि गर्न वान्छनीय भएकोलेबगनासकाली गाउँपालिकाले अनुदानमा बाख्रा पैंचो कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनको लागि स्थानीय सरकार संचालन ऐन,२०४७ को दफा १०२ को उपदफा (२)बमोजिम यो कार्यविधि तयार गरेको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम “बाख्रा पैंचो कार्यक्रम संचालन कार्यविध, २०८०” रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) **"कार्यविधि"** भन्नाले बाख्रा पैंचो कार्यक्रम संचालन कार्यविधि,२०८० सम्झनु पर्छ ।

(ख) **"कार्ययोजना"** भन्नाले बाख्रा पालन गर्न तयार गरिएको कार्ययोजना सम्झिनु पर्छ ।

(ग) **"कार्यालय"** भन्नाले बगनासकाली गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।

(घ) **"शाखा"** भन्नाले बगनासकाली गाउँपालिका पशु सेवा शाखालाई सम्झनु पर्छ ।

(ङ) **"वडा कार्यालय"** भन्नाले बगनासकाली गाउँपालिका मातहतका सबै ९ वटा वडाहरुलाई सम्झनु पर्छ ।

(च) **"आवेदक"** भन्नाले कार्यक्रम संचालको लागि आवेदन दिएका कृषक/समूह/सहकारी/निजी क्षेत्र/फार्म सम्झनु पर्छ ।

(छ) **"निजी क्षेत्र"** भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भएका पशुपंक्षी फार्म सम्झनु पर्छ ।

(ज) **"कृषक समुह"** भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भएका कृषक समूह सम्झनु पर्छ ।

(झ) **"सहकारी"** भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भएको कृषि तथा पशुपंक्षी क्षेत्रमा काम गर्ने सहकारी सम्झनु पर्छ ।

(ञ) **"अनुदान"** भन्नाले पशुपंक्षी पालनको लागि अनुसूची-२ बमोजिमको मापदण्ड अन्तर्गत रहेका मूल्य श्रृंखलाहरुमा दिईने अनुदान सम्झनु पर्छ ।

(ट) **"अनुदानग्राही"** भन्नाले यस कार्यविधि बमोजिम अनुदान प्राप्त पशुपंक्षी पालन कृषक/निजी फार्म/कृषक समूह/सहकारी संस्था र उद्यमीहरु सम्झनु पर्छ ।

(ठ) **"मापदण्ड"** भन्नाले अनुदानमा आधारित पशुपंक्षी विकास कार्यक्रमको लागि

पेश गरिएको प्रस्ताव मूल्याङकनका लागि तोकिएका अनुसूची -६ बमोजिमको मापदण्ड सम्झनुपर्छ ।

(ड) **"समिति"** भन्नाले परिच्छेद ३ बमोजिम गठन गरिएको समिति सम्झनुपर्छ ।

**३. कार्यक्रमको उद्देश्य :** कार्यक्रमको उद्देश्यहरु देहाय बमोजिम रहेका छन् ।

१) बाख्रा पैंचो कार्यक्रमबाट उन्नत नश्लका बीउ बाख्रा वितरण गरी बाख्रा पालन कृषकको आर्थिक अवस्थामा सुधार गर्ने ।

२) बाख्रा पैंचो कार्यक्रम संचालन गरी न्यूनस्तरका कृषकलाई आत्मनिर्भर र स्वावलम्वि बनाउने ।

३) स्थानीय स्तरमानै उन्नत नश्लका बिउ बोका तथा बाख्राको उत्पादन गरी बाख्रापालक किसानलाई व्यवसायिक बनाउदै उनीहरुको आयआर्जन बृद्धि गर्ने ।

४) परम्परागत रुपमा पालिदै आएको बाख्रा पालन व्यवसायलाई आधुनिक र व्यवस्थित रुपमा रुपान्तरण गर्ने ।

५) बगनासकाली गाउँपालिकाबाट संचालन हुने बाख्रा पैचो कार्यक्रम कार्यान्वयन प्रकृयालाई सरल, सहज, प्रभावकारी, पारदर्शी एवं गुणस्तरयुक्त बनाउने ।

६) बाख्राको उत्पादन तथा उत्पादकत्व वृद्बि गरी आयआर्जन र पोषण सुरक्षामा टेवा पुऱ्याउने ।

७) बाख्रा पैंचो कार्यक्रमलाई प्रकृयामुखीबाट परिणाममुखी तर्फ लैजाने ।

**४. सरोकारवाला निकायहरुको भूमिका :** बाख्रा पैंचो कार्यक्रम संचालन गर्न विभिन्न सरोकारवालाहरुको देहाय बमोजिमको भूमिका हुनेछ ।

**(क) कार्यालयको भूमिका :**

- कृषक/कृषकसमूह/सहकारी/फार्म मार्फत एकल वा संयुक्त रुपमा पशुसेवा शाखा र वडा कार्यालयबाट कार्यक्रम संचालन हुनेछ ।
- कार्यालयले बाख्रा पैचो कार्यक्रम संचालनको लागि समूह गठन गर्नेछ ।

- स्थानीय तह, प्रदेश सरकार र संघीय सरकारले संचालन गर्ने पशुपंक्षी सम्बन्धी कार्यक्रमहरुमा दोहोरोपन हटाउन आपसी सहयोग समन्वय र सहकार्य गर्नेछ ।

- स्वीकृत कार्यक्रम अनुसार प्रस्ताव आह्वान गरी मापदण्डको आधारमा प्रस्तावको मूल्याङ्कन गरी छनौट गर्नेछ ।

- यस कार्यविधि अनुसार कार्यक्रमहरुको संचालन यस गाउँपालिका कार्यालयबाट हुनेछ ।

- कार्यक्रम कार्यान्वयनको अबस्थाको अनुगमन पश्चात कार्य सम्पन्नताको आधारमा भुक्तानी गर्ने ।

- सम्झौता बमोजिम कार्यक्रम संचालन भए नभएको अनुगमन गर्ने/गराउने ।

- प्रचलित कानून बमोजिम खर्च गर्ने गराउने ।

- प्रचलित कानून बमोजिम पालना गर्नु पर्ने अन्य विषय पालन गर्ने/गराउने ।

**(ख) लाभग्राहीको भूमिका :**

- लाभग्राहीले समूहबाट छनौट भए पश्चात प्राप्त गरेको सामाग्री/बाख्राको पालनपोषण राम्रोसँग गर्नुपर्ने ।

- सम्झौतामा उल्लेख भए बमोजिम कार्य प्रगति प्रतिवेदन कार्यालयमा पठाउनु पर्ने ।

- लाभग्राहिले बगनासकाली गाउँपालिका तथा वडाले मागेको विवरण तथा अनुगमनमा सहयोग गर्नुपर्नेछ ।

- लाभग्राहीले प्राप्त गरेको बाख्रा एक वर्ष पछि पुन अर्को लाभग्राहीलाई फिर्ता गर्नुपर्ने छ ।

# परिच्छेद-२

## कार्यक्रम व्यवस्थापन

**४. लक्षित वर्ग र क्षेत्र :-** (१) यस गाउँपालिकाले कार्यक्रमको प्रकृति तथा स्थानीय सम्भावना र आवश्यकताको आधारमा कार्यक्रममा समेटिने कृषक, समूह, समिति, सहकारी, फार्म, निजी उद्यमी र  साना व्यवसायी  तथा लक्षित वर्गको पहिचान र निर्धारण गरी कार्यक्रम संचालन गरिने छ ।

२. यस गाउँपालिकाले कार्यक्रम स्थान तोकिएको अवस्थामा सोहि बमोजिम र स्थान नतोकिएको अबस्थामा कार्यक्रमको प्रकृति, स्थान आवश्यकता, सम्भावना र प्रथामिकताको आधारमा आफ्नो कार्यक्षेत्र भित्रको उपयुक्त कृषक, फार्म, समूह, समिति वा सहकारी संस्था पहिचान गरि कार्यक्रम संचालन गरिनेछ ।

**६. अनुदान प्रकृया :**

(१) यस गाउँपालिकाले बाख्रा पैंचो कार्यक्रम अन्तर्गत संचालन गरिने कार्यक्रमको अनुदान प्रकृया देहाय बमोजिम हुनेछ :

(२) यस गाउँपालिकाबाट बाख्रा पैंचो कार्यक्रम अन्तर्गत पहिलो लाभग्राहीले प्रजनन तथा नश्ल सुधारका लागि बाख्राको पाठी उपलब्ध गराउने छ । भने पहिलो लाभग्राहीले दोश्रो लाभग्राहीलाई पुन एक वर्ष पछि फेरी प्रजनन योग्य बाख्राको पाठी उपलब्ध गराउनु पर्नेछ । यसरी यो प्रकृया निरन्तर चलिरहने छ ।

(३) यसरी प्राप्त भएको बाख्रा क्षति भएमा सोको जानकारी बाख्रा उपलब्ध गराउने समूहलाई जानकारी गराउनु पर्नेछ र त्यसपछि अर्को व्यवस्थाका लागि सम्बन्धित वडा कार्यालयको निर्णय बमोजिम हुनेछ ।

(४) उपरोक्तानुसारको कार्यक्रम क्रमशः सबै समूहमा विस्तार गर्न सकिनेछ ।

(५) इच्छुक समूह समिति र सहकारीलाई बाख्रा पैंचो उपलब्ध गराउनको लागि सम्बन्धित वडाले सूचना प्रकाशन गर्नेछ । सूचना अनूसूची- १ बमोजिम हुनेछ ।

(६) दफा ५ अनुसार सूचना प्रकाशन भएपछि इच्छुक समूह, सहकारी समितिले वडा, गाउँपालिकामा पैंचो बाख्रा माग गरि निवेदन पेश गर्न सक्नेछ । यसरी पेश गरिने निवेदनको ढाँचा अनूसूची-३ बमोजिम हुनेछ ।

**७. कार्यक्रम कार्यान्वयन समिति :** (१) बगनासकाली गाउँपालिकाले बाख्रा पैंचो कार्यक्रम संचालन गर्नको लागि प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा पशु सेवा शाखा प्रमुखको संलग्न रहने गरी पाँच सदस्य सहितको एक कार्यक्रम कार्यान्वयन समिति गठन गर्नेछ ।

| | |
|---|---|
| (क) प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| (ख) आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| (ग) योजना शाखा प्रमुख | सदस्य |
| (घ) जिन्सी इकाई प्रमुख | सदस्य |
| (ङ) पशुसेवा शाखा प्रमुख | सदस्य सचिव |

(च) समितिको बैठकमा आवश्यकता अनुसार ३ जना आमन्त्रण गर्न सकिनेछ ।

(२) कार्यक्रम कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) बाख्रा पैंचो कार्यक्रम कार्यान्वय गरिने कृषक, समूह, सहकारी, फार्म र अनुदान ग्राही आधारहरु निर्धारण गर्ने ।

(ख) अनुदानग्राहीबाट प्राप्त आवेदनहरुको मूल्याङ्कन गरी उपयुक्त आवेदकको छनौट गर्ने ।

(ग) कार्यक्रममा छनौट भएका अनुदानग्राहीलाई उपलब्ध गराईने अनुदान रकम यकिन गरी सम्झौता गर्ने ।

(घ) सम्झौता अनुसार सम्पादित कार्यको अनुगमन गरी कार्य प्रगति सम्झौता अनुसार रहेमा अनुदान रकम भुक्तानीको लागि सिफारिश गर्ने र सम्झौता अनुसार कार्य भएको नपाईएमा वा अनुदानको दुरुपयोग भएको अवस्थामा अनुदान रोक्का वा सिफारिस गर्न रोक्का गर्ने/सरकारी बाँकी सरहमानी फिर्ता गरिनेछ ।

(ङ) संचालित कार्यक्रमहरुको अनुगमन, मूल्याङ्कन र समिक्षा गर्ने ।

(च) यस कार्यविधि अनुरुप प्राप्त आवेदकहरुको मूल्याङ्कन स्थलगत निरिक्षण अनुगमन सम्पादित कार्यको प्रमाणीकरण भुक्तानी सिफारिस अन्य कार्यको लागि समितिले आवश्यक अनुसार कार्य समूह गठन गरी जिम्मेवारी प्रदान गर्न सक्ने छ ।

## परिच्छेद -३

## कार्यक्रम संचालन सम्बन्धी व्यवस्था

### ९. कार्यक्रम संचालन प्रक्रिया :

(१) यस गाउँपालिकामा बाखा पैचो कार्यक्रम संचालनको लागि बाखा पालन गर्न इच्छुक समुदायका ब्यक्तिहरुको एक समूह गठन निर्माण गरिनेछ ।

(२) यस गाउँपालिकाको वार्षिक विनियोजन बजेट अनुसार कार्यक्रम संचालन गर्नका लागि अनुसूची-२ बमोजिमको ढाँचामा १५/७/५ दिने सार्वजनिक सूचना मार्फत प्रस्ताव माग गरिनेछ ।

(३) यस कार्यविधिमा उल्लेखित बाखा पैचो कार्यक्रमसंग सम्बन्धित मापदण्ड आधारभुत शर्त पूरा गर्ने ईच्छुक आवेदकहरुले कार्यक्रम सहभागिताको लागि आवेदन पेश गर्न सक्नेछ ।

(४) कार्यक्रममा सहभागी हुन चाहाने आवेदकहरुले अनुसूची-२ बमोजिमको संक्षिप्त कार्ययोजना अनुसूची-३ बमोजिमको निवेदन र अनुसूची-४ बमोजिमका आवश्यक कागजातहरु संलग्न राखि निर्धारित समयभित्र यस गाउँपालिकामा/ सम्बन्धित वडा कार्यालयमा प्रस्ताव दर्ता गराउनु पर्नेछ ।

(५) कार्यक्रम कार्यान्वयन समितिले प्राप्त प्रस्तावहरु अनुसूची-५ बमोजिम मूल्याङ्कन र प्रमाणिकरण गरी स्वीकृत गर्नेछ ।

(६) यस गाउँपालिकाले प्रस्ताव छनौट पूर्व स्थलगत अनुगमन गर्नेछ ।

(७) स्वीकृत प्रस्तावका आवेदकहरुसंग गाउँपालिकाले अनुसूची-७ बमोजिमको विपक्षिय सम्झौता गरी कार्यक्रम संचालन गरिनेछ ।

(८) पैंचो पूरा भएपछि उपलब्धी प्राप्तीका लागी समूहलाई हस्तान्त्ररण फिर्ता गरी समृद्धिका लागी थप व्यवस्थापन गरिनेछ ।

**१०. रकम भुक्तानी :** (१) दफा ८ बमोजिम छनौट भई विपक्षीय सम्झौता गरिएका अनुदान ग्राहीहरुले संचालन गर्नु पर्ने क्रियाकलाप पालन गर्नु पर्ने शर्तहरु अनुदन रकम र भुक्तानी विधि उल्लेखित विपक्षीय सम्झौता अनुसार अनुदानग्राहीले कार्य सम्पन्न गरे पश्चात कार्यालयले प्रचलित कानुन बमोजिम भुक्तानी गर्नेछ ।

(२) नगद दिईने अनुदानको हकमा अनिवार्य रुपले अनुदानग्राहीको बैंक खातामा जम्मा हुने गरी अनुदान रकम भुक्तानी गरिनेछ ।

(३) कार्यक्रमको प्रकृति अनुसार सम्बन्धित निकायको जिम्मेवारी प्राविधिकले स्थलगत निरिक्षण गरी तयार पारेको कार्य सम्पन्न प्रतिवेदनको आधारमा अनुदान रकम भुक्तानी गरिनेछ ।

(४) कार्यक्रमको प्रकृति अनुसार अनुदान बाहेकका कार्यक्रमको हकमा प्रचलित कानुन बमोजिम भुक्तानी गरिनेछ ।

**११. अनुगमन र मूल्याङ्कन :** (१) कार्यक्रम अनुगमन यस बगनासकाली गाउँपालिका तथा आवश्यक अनुसार यस कार्यविधि बमोजिमको कार्यक्रम कार्यन्वयन समितिले अनुगमन मूल्याङ्कन गर्न सक्नेछ ।

(२) अनुगमनको क्रममा दिइएका मौखिक वा लिखित निर्देशनहरुको पालना गर्नु सम्बन्धित अनुदानग्राहीको कर्तव्य हुनेछ ।

## परिच्छेद -४

## प्राविधिक व्यवस्थापन

**१२. बाखा पैचो कार्यक्रम :** (१) बगनासकाली गाउँपालिका भित्र मासु र बाखाको पाठापाठी उत्पादन वृद्धि गरी आत्मनिर्भरता आयत प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्ने लक्ष्य अनुसार हासिल गर्न सघाउ पुराउने उद्देश्यले बाखापालनको सम्भावना बोकेको यस गाउँपालिका भित्रका बाखापालक कृषकको प्रवर्द्धन गरी मासु उत्पादन वृद्धि गर्ने उद्देश्य बमोजिमका कार्यक्रम संचालन हुनेछ ।

**बाखाको स्पेशिफिकेशन :**

क) जातः उन्नत तथा स्थानीय जात वा तिनको बर्णशंकर हुनुपर्ने ।

ख) जातिय गुणः जात अनुसारको गुणहरु प्रष्ट देखिने हुनुपर्ने ।

ग) तौलः कम्तिमा १५ कि.ग्रा. देखि २० कि.ग्रा. जिवित तौल भएको हुनुपर्ने ।

घ) उमेरः ६ महिना देखि २ वर्ष भित्रको हुनुपर्ने ।

ङ) प्रजनन अंगः कुनै विकृती नभएको हुनुपर्ने ।

च) शारीरिक बनावटः कुनै बिकृती नभएको हुनुपर्ने ।

## परिच्छेद -५

## विविध

**१४. असुल उपर हुने :** कार्यविधि बमोजिम अनुदानग्राहीले प्राप्त गरेको अनुदान रकम/बाखा सम्बन्धित कार्यमा प्रयोग नगरी अन्यत्र खर्च गरेको पाईएमा वा अनुदान रकमको दुरुपयोग भएको प्रमाणित भएमा यस गाउँपालिकाबाट प्रचलित कानुन बमोजिम सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

**१५. दोहोरो सुविधा लिन नपाउने :** अनुदान ग्राहीले एक पटक प्राप्त गरेसकेपछि पुनः फेरि अनुदान प्राप्त गर्न सक्ने छैन ।

**१६. गुनासो व्यवस्थापन :** अनुदान सम्बन्धी कुनै गुनासो भएमा यस गाउँपालिकामा निवेदन दिन सकिनेछ । यस्तो प्रकारको गुनासोको व्यवस्थापन बगनासकाली गाउँपालिकाको समन्वयमा समाधान गरिनेछ ।

**१७. ब्याख्या संसोधन र बाधा अड्काउ फुकाउ :**

(१) यस कार्यविधिको व्याख्या बगनासकाली गाउँपालिकाले गर्न सक्नेछ।

(२) बाखा पैचो कार्यक्रमको कार्यान्वयनमा बाधा अड्काउ परेमा यस कार्यविधिको उद्देश्य विपरित नहुने गरी यस गाउँपालिकाले बाधा अड्काउ फुकाउन र कार्यविधि संशोधन गर्न सक्नेछ ।

# अनुसूची -१

## (नियम -६ को उपनियम (५) संग सम्बन्धित)

## बाख्रा पैंचो कार्यक्रम माग गर्ने सम्बन्धित निवेदन

यस बगनासकाली गाउँपालिकाको आ.व. २०८०/०८१ मा ............................को वार्षिक स्वीकृत कार्यक्रम अनुसार बाख्रा पैंचो कार्यक्रम संचालन गर्नको लागि........................................ भित्रका बाख्रा पालक समूह समिति सहकारीले तपशिल बमोजिमको कागजात सहित तोकिएको समय भित्र यस बगनासकाली गाउँपालिकामा दर्ता गर्न यो निवेदन पशे गरेको छु ।

**संलग्न गर्नु पर्ने कागजातहरु :**

१. व्यहोरा खुलेको निवेदन

२. नागरिकताको प्रतिलिपि

३. दर्ता प्रमाण-पत्र

४. सम्बन्धित वडा कार्यालयको सिफारिश पत्र

५. समूहको विवरण फारम

६. समूहको निर्णय प्रतिलिपि

# अनुसूची -२

## (नियम -६ को उपनियम (६) संग सम्बन्धित)

## बाखा पैंचो कार्यक्रमको समूह छनौट सम्बन्धी सूचना

प्रस्तुत विषयमा बगनासकाली गाउँपालिकाको आ.व. २०८०/०८१ मा ............... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार बाखा पैंचो कार्यक्रम मिति........................ मा प्रस्ताव माग गरि तपशिल समूह छनौट गरिएको हुँदा मिति.......................... भित्र यस बगनासकाली गाउँपालिकामा चिर्तुङ्गधारा पाल्पामा सम्झौता गर्नहुन आह्वान गरिन्छ ।

**संलग्न गर्नु पर्ने कागजातहरु :**

१. व्यहोरा खुलेको निवेदन

२. नागरिकताको प्रतिलिपि

३. सम्बन्धित वडा कार्यालयको सिफारिश पत्र

४. निर्णय प्रतिलिपि

# अनुसूची-३

(परिच्छेद २ को दफा ६ को उपदफा (६) संग सम्बन्धित)

निवेदनको ढाँचा

मिति : ..............................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
बगनासकाली गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय
चिर्तुङ्गधारा, पाल्पा

**विषय : प्रस्ताव पेश गरिएको बारे ।**

प्रस्तुत विषयमा तहाँ गाउँपालिकाको मिति ................. गतेको सूचना अनुसार बाखा पैंचो कार्यक्रम अन्तर्गत ...................... कार्यक्रम संचालन गर्न ईच्छुक भई प्रस्तावित कार्य-योजना र आवश्यक कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको छु । कार्यक्रम संचालनमा नियमअनुसार प्राप्त अनुदानको सदुपयोग गरी समयमै कार्य सम्पन्न गर्ने प्रतिवद्बता समेत व्यक्त गर्दछु ।

**निवेदकको**
**नाम :**
**दस्तखत :**

**प्रस्ताव समूह सहकारीको नाम :**
स्थाई ठेगाना :
कार्यक्रम संचालन हुने स्थान :
संलग्न कागजातहरुको सूची :

| क्र.सं. | संलग्न कागजात विवरण |
|---|---|
| | |
| | |
| | |
| | |
| | |
| | |

**आज्ञाले**

**बद्रिनाथ लम्साल**

**प्रमुख प्रशासकीय अधिकृत**